# लुङग्री गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कृषि विकास शाखा
बडाचौर, रोल्पा

पत्र संख्या: २०८०/८१
चलानी नम्बर: ५५

लुम्बिनी प्रदेश, नेपाल ।

प्रथम पटक प्रकाशित मिति:२०८०/१२/०८
दोस्रो पटक प्रकाशित मिति:२०८१/०२/१६

## सुचना। सुचना।। सुचना।।।

यस लुङ्ग्री गाउँपालिकाको आ.व २०८०/०८१ को स्वीकृत लुम्बिनी प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) अन्तर्गत कृषि विकास शाखाबाट संचालित गरिने तपसिल अनुसारको कार्यक्रमको लागि लुङ्ग्री गाउँपालिका अन्तर्गत मौरी व्यवसाय सम्बन्धि उदेश्य राखी दर्ता भएका समुह/सहकारी/फर्म/कम्पनीहरुले दोस्रो पटक सुचना प्रकासित भएको मितिले ७ दिन (२०८१/०२/२२ गते) भित्र यस गाउँपालिकाको कृषि विकास शाखामा निम्न अनुसारको कागजात सहित निवेदन दर्ता गराउनु हुन सबैको लागि यो सुचना प्रकाशित गरिएको छ।

| क.स | कार्यक्रमको नाम | संचालन गर्ने क्रियाकलापहरु | न्यूनतम मापदन्ड | बजेट/अनुदान सिमा |
|---|---|---|---|---|
| १ | मौरी प्रवर्दन कार्यक्रम | • आधार चाका,प्याकेजिङ,लेवलिङ र प्रशोधन उपकरण (मह,कुट,मैन) तथा अन्य आवश्यक उपकरण खरिद<br>• उन्नत रानु खरिद,रानु उत्पादन,रोयल जेल्ली उत्पादन,मौरी बिष उत्पादन,प्रोपलस,मैन उत्पादन तथा विविधिकरण<br>• मौरिपालन सम्बन्धी यन्त्र तथा उपकरण खरिद<br>• मौरि चरण क्षेत्र विस्तार<br>• मह प्रशोधन प्याकेजिङ बजारिकरण सम्वन्धि कार्य। | • मौरी व्यवसाय सम्बन्धी उदेश्य राखि दर्ता भएका समुह/सहकारी/फर्म/कम्पनि मार्फत कार्यक्रम संचालन गर्नुपर्ने।<br>• कम्तिमा ५० घार मौरी पालन गरेको र २० प्रतिशत गोला थप गर्न सक्ने प्रस्तावलाई प्रथामिकता दिन सकिने। | बजेट<br>• ५ लाख<br>अनुदान सिमा<br>• कुल लागतको अधिकतम ५० प्रतिशत सम्म।<br>• फर्म र कम्पनिको हकमा प्रति योजना अधिकतम रू १ लाख ५० हजार सम्म<br>• समुह/सहकारीको हकमा प्रति योजना अधिकतम रु ५ लाख |

आवश्यक कागजातहरु

- निवेदन,वडा कार्यालयको सिफारिस
- मौरीपालन गर्न प्रतिवद्‌ता पत्र
- नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- फर्म/समुह/सहकारिको दर्ताको प्रमाणपत्र र निर्णयको प्रतिलिपि
- जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा भए करार पत्र
- फर्म/सहकारीको हकमा स्थायी लेखा नम्वर प्रमाणपत्रको प्रतिलिपि
- कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि

भूपेन्द्र कुमार पाण्डे
कृषि शाखा प्रमुख
भूपेन्द्र कुमार पाण्डेय
अधिकृत (छैठौं)
कृषि शाखा प्रमुख

जीत वहादुर परियार
प्रमुख प्रशासकिय अधिकृत
जीत बहादुर परियार
(प्रमुख प्रशासकीय अधिकृत)